

अल्बेर्टो जाकोमेट्टी, *वाकिङ म्यान-२*, इ. सं. १९६०, धातु, २८ से. मि. x १८८ x ११२ से. मि.

SIRJANĀ
The Journal of Arts and Art Education
Vol. VIII, 2022: 89-97
Sirjana College of Fine Arts

# जाकोमेट्टीका अतियथार्थवादी मूर्तिकलामा अस्तित्वको सङ्कट

**ओम खत्री**

## लेखसार

*सरियालिस्टिक (अतियथार्थवादी) कला आन्दोलनसँग मूर्तिकार अल्बेर्टो जाकोमेट्टीको संलग्नता छोटो समयसम्म मात्र रहेको थियो, तथापि उनका मूर्ति रचनाहरूलाई यस शैलीदेखि पृथक राखेर चर्चा गर्न सकिँदैन । उनका अतियथार्थवादी मूर्ति रचनामा 'मास' अर्थात् पदार्थको आयतनको नियमलाई भङ्ग गरिएकाले तिनमा वास्तविक तथ्यभन्दा भावनात्मक अपिल अर्थात मूर्ति नै रहन नसक्ने अवस्थाको सिर्जना भएको पाइन्छ । जाकोमेट्टीका पछिल्लो कालका कलामा मानव आफ्ना मात्र नभएर प्रकृतिको समेत दबाबमा गुज्रिरहेको वस्तुगत तथ्यका अतिरिक्त अस्तित्वको खोजको अलग धार पाइन्छ । प्रस्तुत लेखमा जाकोमेट्टीका मूर्ति रचना र अस्तित्ववादी विचारबिचको तादात्म्यलाई विश्लेषणात्मक अध्ययन गरिएको छ ।*

**शब्दकुञ्जी : मनोविश्लेषण, अस्तित्ववाद, पारदर्शिता, मानव आकृति**

## परिचय

अल्बेर्टो जाकोमेट्टी सरियालिस्ट (अतियथार्थवादी) कला आन्दोलनसँग छोटो अवधिमात्र संलग्न रहेका थिए, अपितु उनलाई यस वादका लक्षणले पछ्याउन भने छाडेको थिएन । क्युबिज्म (घनवाद) ले औँल्याएका सम्भावनाहरु तथा युद्धजनित मानसिक प्रभाव नै उनका कला रचनामा दृश्यमान अतियथार्थवादी विशेषता हुन् ।

सन् १९२४ मा अँद्रे ब्रटौंले अतियथार्थवादी आनदोलनको पहिलो घोषणा पत्र प्रकाशित गर्दा जाकोमेट्टी पेरिसमा अध्ययनरत थिए । सन् १९३० देखिमात्र उनी विधिवत् यस आन्दोलनसँग आबद्ध भएका थिए । उनका कलालाई 'फर्मालिस्ट' (रूपवादी), 'एक्सप्रेसनिस्ट' (अभिव्यञ्जनावादी), 'संवेदनशील' आदि जे जस्ता संज्ञा दिइए तापनि ती मूर्ति रचनामा अतियथार्थवादी तत्त्वको बाहुल्य रहेको पाइन्छ । उनका पछिल्लो कालका कलामा अस्तित्ववादी सिद्धान्तको सघन प्रभाव दृष्टिगोचर हुन्छ ।

अस्तित्ववादको विजारोपण फ्रेडरिख नित्सेले गरेका थिए । उनले ईश्वरप्रतिको अन्धविश्वाशलाई भन्दा उत्तरदायी मानव अस्तित्वको आभास र चेतना जगाउन योगदान गरेका थिए । ईश्वरीय दासताबाट मानवको अस्तित्वतर्फ स्थानान्तर गराएकाले उनलाई 'एथिएस्ट' अर्थात् नास्तिक अस्तित्वादका

पिता पनि मान्ने गरेको पाइन्छ । सामान्यतया अस्तित्ववादको जन्मदाताका रूपमा डेनिस विचारक सरेन किर्केगार्ड (इ. सं. १८१३–५५) को नाम लिने गरिन्छ (पाइपर २००४) । दोस्रो विश्वयुद्धको लगत्तै सन् १९४५ को अक्टोबर २९ तारिखका दिन जँ-पौल सार्त्रले पेरिसमा अस्तित्ववादबारे प्रवचन दिएका थिए । लगत्तै सन् १९४६ मा 'एक्जिस्टेन्सियलिज्म इज अ ह्युमनिज्म' शीर्षकमा उनको सो प्रवचन पुस्तक आकारमा प्रकाशित भएको थियो । तत्कालीन जनमानसमा उनको विचारले निकै प्रभाव पारेको थियो । सार्त्रले पनि नित्सेले जस्तै जनतामा राजनीतिक अस्तित्वको चेतनाद्वारा राष्ट्रको संरक्षणमा योगदान पुर्‍याएको देखिन्छ ।

वर्तमान सन्दर्भमा हाल रसिया र युक्रेन बिचको युद्व प्रकरणले दोस्रो विश्वयुद्धको विनाशपछि अर्को महाविनाशको त्रासलगायत नित्से र सार्त्रका अस्तित्ववादी विचारलाई तथा जाकोमेट्टीका पछिल्लो कालका कलाको स्मरण गराउँछ ।

जाकोमेट्टी सार्त्रका घनिष्ट मित्र थिए । जाकोमेट्टीका मूर्ति रचनामा वस्तुगत यथार्थभन्दा भावनात्मक वैयक्तिक विचार सशक्त रूपमा मुखरित भएको पाइन्छ । पछिल्लो समयमा आएर मनोमानीपूर्ण भावनात्मक विचारलाई 'पोस्ट–ट्रुथ' अर्थात् 'सत्यातीत' का रूपमा अर्थ्याउने गरिएको पाइन्छ । अक्सफोर्ड डिक्सनरीका अनुसार यस शब्दले 'जनमत निर्माण गर्न वस्तुगत तथ्यभन्दा भावनात्मक अपिल र व्यक्तिगत विश्वाश बढी प्रभावकारी परिस्थिति' भन्ने जनाउँछ ।

'पोस्ट-ट्रुथ' शब्द सन् २०१६ मा अक्सफोर्ड डिक्सनरीको सर्वाधिक प्रचलित शब्द रहेको पाइन्छ । उक्त डिक्सनरीका सम्पादकका अनुसार यस शब्दको प्रयोग सन् १९९२ मा सर्बियन-अमेरिकी नाटककार तथा उपन्यासकार सोजान स्टिव टेसिकले गरेका थिए । 'दि पोस्ट-ट्रुथ एरा' (इ. सं. २००४) का लेखक राल्फ किजका अनुसार यो सत्यातीत युगमा सत्य र मिथ्या मात्र छैनन्, अपितु अनेकार्थी वक्तव्य जस्ता तेस्रो वर्ग पनि हामीमाझ छ — त्यो पूर्णतः सत्य पनि होइन र झुटभन्दा केही न्यून पनि हो ।

नित्से र सार्त्रको अस्तित्वप्रतिको सचेतना र भावनात्मक अपिललाई जाकोमेट्टीले विश्वयुद्धपश्चात् मूर्तिकलामा उजागर पारेका थिए । अस्तित्ववादी विचारको कोणबाट औचित्यलाई पुष्टि गर्नु तथा अलौकिक लाग्ने पारदर्शी आकृतिपरक संरचनाद्वारा सङ्कट पैदा गर्नु नै उनका कलाको विशेषता रहेको छ ।

तथ्य र सिद्धान्तबिच विद्यमान तादात्म्य आफ्ना कलामा देखाउने जाकोमेट्टीको प्रयास रहेको देखिन्छ । मूर्तिकलामा सीमित रूपमा देखापरेका मोडमध्ये वादरहित वाद अर्थात अस्तित्ववादलाई महत्त्वपूर्ण मान्न सकिन्छ ।

प्रस्तुत अध्ययन जाकोमेट्टीका अतियथार्थवादी मूर्तिकलामा 'मास' अर्थात् पदार्थको आयतनको नियम भङ्ग, खस्रा वयन (टेक्सचर), खिरिला र पातला आकृति तथा निराकार स्पेसद्वारा अस्तित्वको सङकटको वस्तुगत तथ्यलाई सैद्धान्तिक आधार दिने उनका प्रयत्नबारे केन्द्रित रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनमा अल्बेर्टो जाकोमेट्टीका कला रचनासँग सम्बन्धित समसामयिक सामाजिक, राजनीतिक, मनोवैज्ञानिक तथा युद्धोतर कालमा मानवीय मनोदशाका बारेमा लेखिएका विभिन्न लेख रचना र वस्तुगत अध्ययनका अतिरिक्त कलाकारका मूर्ति रचना र अन्य कलाकृतिहरूको समग्र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## जाकोमेट्टीका कला शृङ्खलाका परिवेश

सन् १९०१ मा जन्मिएका अल्बेर्टो जाकोमेट्टी स्विस मूर्तिकार एवम् चित्रकार थिए । उनी पेरिसमा क्रियाशील रहेका थिए । सन् १९२२ देखि १९२५ सम्म उनले पेरिसमा अट्वाँ बोर्देय् बुदलेसँग अध्ययन गरेका थिए । जाकोमेट्टी सन् १९३० देखि १९३५ को अवधिबिच सरियालिस्ट कला आन्दोलनमा सहभागी भएका थिए । 'दि ओपन केज' (१९३२) शीर्षकको उनको मूर्ति रचनालाई नितान्त पृथक एवम् वैयक्तिक शैलीको मूर्तिका रूपमा लिन सकिन्छ । त्यस्तै उनको 'दि प्यालेस एट फोर एएम' शीर्षकीय रचनामा जाकोमेट्टीले 'भोइड स्पेस' लाई भरपुर रूपमा उपयोग गर्दै शून्यतातर्फको यात्रालाई प्रस्ट्याएको देखिन्छ । यसमा 'मन्युमेन्टलनेस' (स्मारकीयपन) को आभास मिल्छ । यो समय उनले 'मोडेल' बाट काम गर्न थालेका थिए । दोस्रो विश्वयुद्ध ताका उनी केही समयका लागि स्विट्जरल्यान्डको जेनेभामा बसी पछि फेरि पेरिस फर्केका थिए । सन् १९४७ देखि उनको मौलिक शैलीको उत्थान हुन थालेको बुझिन्छ । उनका पारदर्शी संरचनाहरूमा कतै एकल र कतै समूहगत मानव आकृतिहरु देख्न सकिन्छ ।

आधुनिक मूर्तिकलाका प्रकरणमा सन् १९४७ को उनको 'म्यान प्वाइन्टिङ' निकै उल्लेखनीय रचना मानिन्छ । यो मूर्ति रचनामा दुर्बल तर सीधा उभिएको आकृतिले बायाँ हातद्वारा केही सङ्केत गर्दै, र दायाँ हातबाट औंल्याउँदै गरेको देखिन्छ । उसले के कुरातर्फ किन औंल्याउँदै छ, सो अज्ञात छ । सर्वथा गुमनाम र एक्लो यो पात्र झन्डै अस्थिपञ्जर जस्तो प्रतीत हुन्छ । उनका खिरिला, लाम्चा र दुर्बल प्रतीत हुने आकृतिले मानवीय दशालाई उजागर गरेको पाइन्छ । यस रचनामा धातुकलाको परम्परागत स्थुल मासलाई भंग गरिएको छ (हक्सले : २०००) । मूर्तिमा दृश्यमान खिरिलोपन र एकाङ्गी भावले सार्त्रको अस्तित्ववादी दर्शनलाई अङ्गीकार गरेको पाइन्छ । आकृतिले मानवको नियतिलाई इङ्गित गरिरहेको झैं लाग्छ वा यसलाई अर्को महायुद्धको सङ्कट प्रतिको सन्त्रास पनि मान्न सकिन्छ । वैयक्तिक विश्वास र भावनाभन्दा वस्तुगत तथ्य कमजोर बन्दै जाँदा मौलाउने 'परिस्थितिजन्य झुट' बारे राल्फ किजले 'दि पोस्ट-ट्रुथ एरा' मा चर्चा गरेका दर्शनलाई जाकोमेट्टीको 'म्यान प्वाइन्टिङ' मा अनुभूत गर्न सकिन्छ ।

अस्तित्ववादी दार्शनिक जाँ पौल सार्त्रले जाकोमेट्टीका मूर्ति रचनालाई 'शून्यता र पूर्णताबिचको आधा बाटो' भनेका छन् । तिनै सार्त्रले सन् १९४८ मा आर्ट डिलर पियर् म्याटिस्को न्यूयोर्कस्थित आर्ट ग्यालरीमा भएको जाकोमेट्टीको प्रदर्शनीको क्याटलगका लागि मूर्तिकारको परिचयात्मक लेख लेखेका थिए । यस प्रदर्शनीले जाकोमेट्टीलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गरिदिएको थियो ।

सन् १९५० का दशकको उत्तरार्द्धदेखि चित्रकारका रूपमा पनि जाकोमेट्टीको ख्याति बढ्न थालेको थियो । उनका अधिकांश चित्र रचनाका विषयवस्तु परिवारजन, साथीभाइ, विशेषतः आफ्नै भाइ डिएगो जाकोमेट्टी रहेका छन् । डिएगो पनि मूर्तिकार थिए । उनले जीवनभर दाजुलाई काममा सघाएका थिए ।

'थ्री वाकिङ मेन' (१९४९) मा मूर्तिकारले प्रत्येक आकृतिलाई खण्डीकरण गर्दै अति अभिव्यक्तिपूर्ण एवम् संवेगात्मक बनाइदिएका छन् । माध्यमको प्रयोगमा प्रतीत हुने अधुरोपन यसको विशेषता मानिन्छ । फलतः आकृतिहरु शिशिर ऋतुमा पात झरेका एकाङ्गी रूखहरु समान देखिन्छन् । यस शैलीअन्तर्गत जाकोमेट्टीले मूलतः तीन ओटा शृङ्खला – 'दि वाकिङ म्यान', 'दि स्ट्यान्डिङ

न्युड वुमेन', र 'दि बस्ट' को विकास गरेका थिए ।

जाकोमेट्टीका सिर्जनामा प्रकाशले आकृतिको छायालाई लम्ब्याइदिन्छ, र मानिसहरु निकै बलपूर्वक हिंडिरहेको अवस्थाका देखिन्छन् । उनका आकृतिहरु सघन मासमा नभई पारदर्शी संरचनामा रचिएका छन् ।

जाकोमेट्टीका अनुसार यथार्थपरक बस्ट (आवक्ष) बनाउने दक्षता उनले युवावस्थामै हासिल गरिसकेका थिए । उनको समस्या भनेको ती तत्वहरूलाई आकृतिहरुमा पुनरावलोकन गर्नुमा रहेको पाइन्छ । उनका कामलाई सामान्यतया तकनीकीको कमी भन्दा पनि अस्तित्वको सङ्घर्षको अर्थमा बुझ्न सकिन्छ ।

अस्तित्ववादका व्याख्याकार विलिएम ब्यारेटका अनुसार जाकोमेट्टीका मूर्ति आकृतिहरुमा बिसौं शताब्दीको समय र अस्तित्ववादी दृष्टिकोण प्रतिबिम्बित भएको पाइन्छ । तिनले आधुनिक जीवनको अपूर्णता र अभावका अर्थलाई सङ्केत गर्छन् ।

जाकोमेट्टीका कला शैली क्युबिज्म (घनवाद) र सरियालिज्म (अतियथार्थवाद) बाट प्रभावित रहेको छ । सन् १९३० ताका उनी सजीव शरीर र अमूर्त अर्थात् भावनात्मक स्वरुपको सत्यलाई आत्मसात् गरेर कला रचना गर्न चाहन्थे । उनले अतियर्थाथवादलाई अस्वीकार गर्दै लाइभ मोडलिङमा फर्केर आफूभित्रको दुविधालाई समाधान गरेका थिए (ब्लाक : २००१) । मानवीय दशाका अतिरिक्त अस्तित्ववादी दर्शनको सैद्धान्तिक बहसले उनको कलामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

सन् १९३५ देखि अतियथार्थवाददेखि उनको मोह भङ्ग भएको थियो । उनी व्यक्तिगत दैनिकी, प्रदर्शनी क्याटलग, नोटबुक लगायतमा आफ्ना विचार लेख्ने गर्थे ।

उनका विरोधाभाषपूर्ण मूर्ति रचनाहरु दैनिक जीवन सम्बन्धी भए तापनि ती समाधिष्ठ गरिएका मृत देह जस्ता र लामा खुट्टा भएका पेडेस्टलमा प्रदर्शनीका लागि सङ्ग्रहालयमा राखिएका जस्ता प्रतीत हुन्छन् (कउसे : १९९८) । हेर्दा ती साह्रै दुब्ला र शक्तिहीन देखिन्छन्, तथापि ती आकृतिले भावनात्मक अपिल र स्मारकीय अनुभूति दिन्छन् ।

सन् १९३८ देखि १९४४ का अवधिमा रचित जाकोमेट्टीका कामहरु प्रायः साना आकार (२.७५ इन्च) का छन् । यी साना आकृतिले कलाकारको अवस्था र नमुनाबिच विद्यमान वास्तविक दूरीलाई प्रतिविम्बित गरेको बुझिन्छ । उनको आत्मसमीक्षाअनुसार आफ्नो स्मृतिबाट मूर्ति रचना गर्ने प्रयत्न गर्दा तिनले सासाना आकार लिँदै गएका थिए ।

विश्वयुद्धपश्चात्को जाकोमेट्टीका प्रसिद्ध मूर्ति रचनाहरु नितान्त भावना, सैद्धान्तिक दृष्टिकोण र अनुभवमा आधारित छन् । ती काल्पनिक यथार्थ एवम् ठोस र दुर्गम स्थानबिचका विषयवस्तुमा आधारित रहेको पाइन्छ । निस्सन्देह उनको कलाले आधुनिक मूर्तिकलालाई एउटा नयाँ मोड दिएको छ ।

## अतियथार्थवाद

सरियलिज्म अर्थात् अतियथार्थवादका प्रणेता फ्रान्सेली लेखक अँद्रे ब्रटों थिए । सन् १९२४ मा उनले अतियथार्थवादको पहिलो घोषणा पत्र प्रकाशित गरेका थिए । यस घोषणा पत्रको मूल आधार चेतन मस्तिष्कभित्र रहेका तर्कसङ्गत र अवचेतन मस्तिष्कभित्र रहेका असङ्गत तर्क र प्रवृत्तिहरुको द्वन्द्वबारे सिग्मन्ड फ्रायडको दृष्टिकोण रहेको थियो ।

फ्रायडले आफ्नो मनोविश्लेषणात्मक अध्ययनमा



अल्बेर्टो जाकोमेट्टी, *गेजिङ हेड*, इ. सं. १९२८, प्लास्टर, जुरिख

दमित इच्छा परिपूर्तिका लागि कसरी अभिव्यक्त गरिन्छ भन्ने सन्दर्भमा लिओनार्दो दा भिन्चीका चित्रलाई विश्लेषण गर्दै यस सिद्धान्तलाई उपयोग गरेका थिए ।

विभिन्न कलाकारका कलाकृतिहरूमा अतियथार्थवादी सिद्धान्तको सेरोफेरो अन्य सिद्धान्त र शैलीको समेत उपस्थिति स्पष्ट देख्न सकिन्छ । यस सिद्धान्तका आधारमा जाँ आर्प, हेनरी मूरलगायत अन्य कलाकारहरूले पनि अतियथार्थवादमा काम गरेका थिए । माक्स अँर्नस्ट् र जाकोमेट्टीका सन् १९२० का दशकको उत्तरार्द्धका कामहरू शैलीका दृष्टिले पिकासोका नजिक देखिन्छन् (रिड एच. : १९६४) ।

## जाकोमेट्टीका प्रतिनिधि रचनाहरू

**गेजिङ हेड** (इ. स. १९२८) :

'गेजिङ हेड' जाकोमेट्टीको पहिलो मौलिक कला रचनाका रूपमा चिनिन्छ । यो रचना क्युबिज्मको प्रभावमा सिर्जना गरिएको आवक्ष मूर्ति हो । लाइफ मोडेलबाट बनाइएका जाकोमेट्टीका प्रारम्भिक कामहरूमा प्रायः समस्या देखापर्ने गरेको पाइन्छ ।

'गेजिङ हेड' प्लास्टरमा बनेका उनका मूर्ति रचनामध्ये पर्छ । यो मूर्ति ज्यामितीय समतल स्वरूपमा अर्धअमूर्त शैलीमा संयोजन गरिएको छ । यसले दर्शकलाई गहिरिन बाध्य पार्छ । सन् १९२९ मा पेरिसमा पहिलो पल्ट सार्वजनिक गरिंदा यस रचनाले फ्रान्सेली अतियथार्थवादीहरूको ध्यान खिच्न सफल भएको थियो ।

**सस्पेन्डेड बल** (इ. सं. १९३०–३१) :

'सस्पेन्डेड बल' चौकोसआकार संरचनाभित्र पारदर्शी आभास दिने मूर्ति रचना रहेको छ । सन् १९३० मा आयोजित प्रदर्शनीमा यस रचनादेखि अँद्रे ब्रटौं निकै प्रभावित भएका थिए । फलतः उनले जाकोमेट्टीलाई अतियथार्थवादी अभियानमा सम्मिलित हुन आग्रह गरेका थिए ।

यस मूर्तिमा खुला पिँजडा वा कोठाको मध्य खण्डमा कुनै फल जस्तो वस्तुलाई काटेर त्यसको टुक्रा राखिएको छ । यसै वस्तुको कन्टुरलाई अवतल (कनकेभ) आकारमा भकुन्डोमा प्रतिबिम्बित गरिएको छ । त्यसलाई नारी र पुरूष अर्थात् ऋणात्मक (निगेटिभ) तथा घनात्मक (पोजिटिभ) को प्रतीकका रूपमा लिन सकिन्छ । यसमा परम्परागत विधिलाई भङ्ग गर्दै खुला स्थानमा राखिएको स्वतन्त्र गतिशील भकुन्डोले एक प्रकारको कौतुहल पैदा गर्छ । मूर्ति रचनामा पुरूष र नारी कुन हो भन्ने कुरा स्पष्ट नभए तापनि अमूर्तताभित्र यौनिकताको आभाष पैदा गर्छ ।

सन् १९३० मा ब्रेटौंले जाकोमेट्टीको 'सस्पेन्डेड बल' देखि प्रभावित भएर लेख नै लेखेका थिए । यस मूर्ति रचनामा रिक्त स्थान (भ्वइड स्पेस) को



अल्बेर्टो जाकोमेट्टी, *सस्पेन्डेड बल*, इ. सं. १९३०-३१, धातु, तार, प्लास्टर, टेट ग्यालरी, लन्डन

प्रभुत्व तथा धातु, डोरी, प्लास्टर जस्ता अपार म्पारिक वस्तुहरूको उपयोग गरिएका छन् । स्पेसमा नै क्रियाकलाप हुने गरी मूर्तिको संयोजन गरिएको छ । भ्वइड स्पेसको तुलनामा स्थुल वस्तुलाई सङ्कुचन गरिनाले बहसको विषय बनेको छ । हाल यो मूर्ति लन्डनस्थित टेट सङ्ग्रहालयको सङ्कलनमा रहेको छ ।

**ह्यान्ड्स होल्डिङ दि भ्वइड** (इ. सं. १९३४)


सन् १९३४ मा रचित 'ह्यान्ड्स होल्डिङ दि भ्वइड (इनभिजिबल अब्जेक्ट्स)' जाकोमेट्टीको महत्वपूर्ण महिला आकृतिको मूर्ति रचना हो । उनको यो मूर्ति अतियथार्थवादी समूहमा आबद्ध समयमा रचित रचनामध्ये पर्छ । यसमा समसामयिक विषय र अमूर्त तत्त्वको अभिव्यक्ति पाउन सकिन्छ । आफ्ना दिवङ्गत पिताको आत्मालाई दुई हातले



अल्बेर्टो जाकोमेट्टी, *ह्यान्ड्स होल्डिङ दि भ्वइड*, इ. सं. १९३४

समाएको अनुभूत गराउनु मूर्तिकारको उद्देश्य रहेको देखिन्छ ।

यस रचनालाई कला समीक्षक कार्ल आइन्सटाइनले 'मेटाफिजिकल रियलिज्म' (पराभौतिक यर्थाथवाद) भनेका छन् (उल्फ, २०१८) । यसमा प्रिमिटिभ आर्ट (आदिम कला) र इजिप्टसियन कलाका केही तत्त्वहरु समावेश भएको देखिन्छ । हातले लिएको आकार (निगेटिभ स्पेस) ले सम्भवतः मूर्तिकारका पिताको आत्मालाई प्रतिनिधित्व गर्छ । आत्मालाई प्राचीन इजिप्टसियनहरु 'काः' भन्थे । यो पूर्वीय दर्शनको नजिक पनि देखिन्छ ।



अल्बेर्टो जाकोमेट्टी, *दि सिटी स्क्वायर*, इ. सं. १९४८, धातु, म्युजियम अफ मोडर्न आर्ट, न्युयोर्क

**दि सिटी स्क्वायर** (इ. सं. १९४८) :

'दि सिटी स्क्वायर' मा पाँच ओटा मानव आकृतिलाई कुनै सहरको चोकमा उभ्याइएका छन् । मूर्ति रचनामा प्रकृति र मानवबिच विद्यमान पारस्परिक सम्बन्धलाई स्थापित गर्न खोजिएको प्रतीत हुन्छ । यस मूर्तिमा मानव र भू-दृश्यबिचको दोहोरो सम्बन्ध देखिन्छ । यसले धर्ती र अनन्तबिच मानवलगायत सबै वस्तुको प्रकृतिसँग सम्बन्ध रहन्छ भन्ने कुराको सन्देश बोकेको छ । त्यो ताका जाकोमेट्टी अस्तित्ववादी सिद्धान्तसँग आकर्षित थिए । अतः यो मूर्ति रचनामा दृश्यमान मानव आकृतिहरू केवल प्रछाया मात्र हुन् । ती आधा मानव आकृति हुन्, र आधा होइनन् बिचको अवस्थामा रहेका प्रतीत हुन्छन् ।

**वुमन अफ भेनिस – २** (इ. सं. १९५६)

'वुमन अफ भेनिस-२' मा उभिएकी नारी आकृति दृष्टिगोचर हुन्छ । आकृतिको भारी पैतालालाई भिरालो सतहमा उभ्याइएको छ । जाकोमेट्टीका लघु आकारका मूर्ति रचनाका सम्बन्धमा फ्रान्सेली कवि एवम् निबन्धकार फ्रान्सिस पौँगले सन् १९५१ मा आफ्नो 'काअयर् दि आर्ट' मा प्रकाशित लेखमा निराकारबाट आफैँलाई खोज्दै जलिरहेको फलाममा टेकिरहेको मानिसले आफ्ना गह्रौं खुट्टा उचाल्न सक्दैन भन्ने आशय व्यक्त गरेका थिए । जाकोमेट्टीको 'दि सिटी स्क्वायर' ले यो विशाल विश्वलाई विनाश हुनबाट जोगाई त्यसको अस्तित्वलाई बचाउन सङ्घर्ष गर्नुपर्ने सन्देशलाई सम्प्रेषण गरेको छ ।

पातला रेखा जस्ता देखिने मूर्तिका आकृतिहरू विपरीत दिशातर्फ उन्मुख रहेका छन् । अस्थिपञ्जर प्रतीत हुने यी आकृतिहरूले समतल सतहलाई क्रियाशील बनाउने भूमिका निर्वाह गरेका छन् ।

माथि उल्लेख गरिएका जाकोमेट्टीका मूर्ति रचनाहरूले अतियथार्थवादी सिद्धान्तलाई अङ्गीकार गरेको पाइन्छ । उनका अधिकांश कामहरूको आकार सानो हुँदै सलाईको बट्टा

जत्रो सानो र आकृतिको टेक्सचर खस्रा रूखका बोक्रा जस्तो भान हुने गर्छन् ।

जीवनको उत्तरार्द्धमा उनले अनेकौं रचनामा आफ्ना भाइ डिएगो र धर्मपत्नी एनेट्टेलाई मोडेल राखेर पीडा र अनुभूतिलाई अभिव्यक्त गरेको पाइन्छ । वास्तवमा जाकोमेट्टीका मूर्तिको उद्देश्य 'प्रकृतिको अनुकरण' तथा स्पष्ट भौतिक जगत्मा अवस्थित 'अर्गानिजम्' (जीव) लाई अभिव्यक्त गर्नुरहेको बुझिन्छ ।

समग्रमा विश्लेषण गर्दा जाकोमेट्टीले स्थापित सौन्दर्यशास्त्रमा आधारित विधिलाई अनुशरण गर्नुका बदला आत्मीयता एवम् आध्यात्मिक अनुभव र अनुभूतिलाई सर्वोपरि महत्त्व दिएको बुझिन्छ । आधुनिक मूर्तिकलाका क्षेत्रमा उनले आफूलाई नितान्त पृथक रूपमा प्रस्तुत गरेका थिए ।

सन् १९५५ मा लन्डन र न्युयोर्कमा जाको मेट्टीको 'रेट्रोस्पेक्टिभ सो' भएका थिए । मूर्तिकलाका अतिरिक्त उनी पेन्टिङ र ग्राफिक डिजाइनका क्षेत्रमा पनि क्रियाशील रहेका थिए ।

उनलाई 'भेनिस बाइनाले ग्रान्ड प्राइज' (१९६१) र 'गगेनहेम इन्टरनेसनल अवार्ड' (१९६४) द्वारा सम्मानित गरिएको थियो । सन् १९६५ मा न्युयोर्क म्युजियम अफ मोडर्न आर्टमा आफ्नो मूर्तिको अनावरण कार्यक्रममा सहभागी हुन पुगेको केही महिनापछि स्विट्जरल्यान्डमा जाकोमेट्टीको देहावसान भएको थियो ।

सन् २०१० को फेब्रुअरी महिनामा लन्डनको सोदेबिजमा भएको लिलाममा जाकोमेट्टीको 'म्यान वाकिङ-१' शीर्षकको मूर्ति रचना ६५ मिलियन पाउन्ड (१०४.३ मिलियन अमेरिकी डलर) मा बिक्री भएको थियो । सो मूर्ति हालसम्मको सर्वाधिक महँगो मूर्ति रहेको छ ।

## निष्कर्ष

जाकोमेट्टीका खिरिला एवम् दुर्बल आकृतिहरूका खस्रा टेक्सचर, मोटा रेखा समान लाग्ने अग्ला आकृतिहरु शिशिर ऋतुमा पात झरेका रूख जस्ता लाग्छन् । उनैको भनाइअनुसार उनले मानव आकृतिको नभएर तिनका छायालाई रचना गरेका थिए । संरचनाका हिसाबले पछिल्लो समयका उनका मूर्ति रचनामा अस्तित्वको सङ्कट रहेको देखिन्छ । पातला एवम् दुर्बल संरचनामा खस्रो टेक्सचर, अग्ला आकृति उनका विशेषता हुन् । उनले सानामा अति साना आकारका मूर्तिहरु बनाएका थिए । मानवमा वस्तुको परिवर्तनले पैदा गर्ने परिस्थितिजन्य समस्या उनका कलामा निहित मौलिकता हुन् । अतियथार्थवादका केही विशेषतालाई जाकोमेट्टीले फरक ढङ्गले प्रस्तुत गर्नुको प्रमुख कारक युद्धको आघात पनि थियो । उनले मूलतः मानव आकृति र केही सङ्ख्यामा जनावरका आकृतिमार्फत अस्तित्वको सङ्कटलाई दर्शाएको देखिन्छ ।

सिग्मन्ड फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तको प्रभावमा अतियथार्थवादी चरित्रका मूर्ति रचनाले उनलाई सीमित गर्न सकेन । यस सन्दर्भमा जाकोमेट्टीको कलामा अतियथार्थवादी र अस्तित्ववादी सिद्धान्त एक सिक्काका दुई पाटा जस्तै रहेका छन् । अस्तित्ववादी दार्शनिक जाँ पौल सार्त्रको सिद्धान्तबाट उनी गहिरोसँग प्रभाव थिए । क्युबिज्मदेखि थालनी गर्दै सरियलिज्मको अलग धार हुँदै अस्तित्ववादसम्म आइपुग्दा उनले मानवीय अस्तित्वको सङ्कटलाई वास्तवमै विक्षिप्त र दयनीय अवस्थाका आकृतिमार्फत कलामा अभिव्यक्त गरेका छन् ।

**सन्दर्भ सामग्री**

Adamski, A. (2011). "Archetypes and the Collective Unconscious of Carl G. Jung in the Ligth of Quantrum Psychology". *Neuro Quantology,* 563 -571.

Blak, R. (2001). *Essential Modern Art.* Parragon Book.

Boyne, R. (2008). "A brief Note on Giacomatti". *Theory, Culture & Society.* 25 (5), 20-29. doi:10.1177/0263276408095214

Causey, A. (1998). *Sculpture Since 1945.* New York: Oxford University Press.

Feldman, E. (1992). *Vareities of Visual Experience* (4th ed.). New York: Harry N.Abrams, Incorporated.

Finburgh, C. (2002). "Facets of Artifice: Rhythems in the Theater of Jean Genet, and the Painting, Drawing, and Sculpture of Alberto Giacometti". *French Forum.* 27, 73-98. doi:10.1353/frf.2003.0017

Freud, S. (1916). Leonardo da Vinci: a Psychosexual Study of an Infantile Reminiscence. (P. M. A. A. BRILL, Trans.) New York: Moffat Yard & Co. Retrieved March 12, 2022, from https://en.wikipedia.org/wiki/Leonardo_da_Vinci,_A_Memory_of_His_Childhood#Sources_cited

Hawksley, L. B. (2000). *Essential History of Art.* London: Parragon Book.

Janson, W. H., & Janson, A. F. (2001). *History of Art* (6th ed.). London: Thames & Hudson Ltd.

Piper, D. (2004). *The Illustrated History of Art.* (P. Holberton, Ed.). London: Octopus Publishing Group Limited.

Read, H. (1964). *Modern Sculpture: A Concise History.* London: themes & Hudson Ltd.

Wolf, J. (n.d.). "Alberto Giacometti Atrist Overview and Analysis." The Artstory.org. (T. A. Contributers, Ed.) Retrieved August 06, 2018, from https://www.theartstory.org/artist-giacometti-alberto.htm

राजभण्डारी, नवीन्द्रमान (२०७७) । *पाश्चात्य कलाको सङ्क्षिप्त इतिहास ।* काठमाडौं : सिर्जना कलेज अफ फाइन आर्टस् ।